नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.:-

## प्रेस विज्ञप्ति

मिति २०८३ वैशाख १७ गते दिउँसो करिब २:५० बजे रोल्पाको थवाङ गाउँपालिका–१, सल्यापमा २० जना नागरिकको ज्यान जाने गरी भएको जिप दुर्घटनाले सिङ्गो राष्ट्रलाई शोकमग्न बनाएको छ। यस हृदयविदारक दुर्घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र स्थानीय बासिन्दाहरूको सक्रियतामा तत्काल उद्धारलाई तीव्रता दिइएको थियो।

सोही क्रममा, घटनाको सूक्ष्म छानविन गरी सत्यतथ्य सार्वजनिक गर्न सम्माननीय प्रधानमन्त्रीज्यूकै नेतृत्वमा रहेको गृह मन्त्रालयले तत्कालै लुम्बिनी प्रदेश प्रहरी कार्यालय, तुलसीपुर, दाङका प्रहरी उपरीक्षकको संयोजकत्वमा ४ सदस्यीय छानविन समिति गठन गर्ने निर्णय गरेको थियो। छानविन समिति गठन भए लगत्तै गृह मन्त्रालयले सोही दिन आधिकारिक प्रेस विज्ञप्ति जारी गरी घटनाको विस्तृत विवरण प्रस्तुत गर्दै मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको थियो। सोही विज्ञप्तिमार्फत घटनाको निष्पक्ष छानविनका लागि गृह मन्त्रालयले समिति गठन गरेको जानकारी समेत सार्वजनिक गरेको थियो।

यस दुःखद घटनाको छानविनका लागि गठित समितिलाई दिइएको ३ दिनको समयावधि आज समाप्त हुँदैछ। समितिको प्रतिवेदन प्राप्त हुनासाथ त्यसका निष्कर्ष र सुझावहरूलाई तत्काल कार्यान्वयनमा लैजान तथा देशभरकै सडक सुरक्षा प्रणालीमा आवश्यक नीतिगत र संरचनागत सुधार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पूर्ण प्रतिवद्ध छ।

सडक दुर्घटना नागरिकको जीवन र परिवारको भविष्यसँग जोडिएको अत्यन्तै गम्भीर विषय भएकोले यसमा देखिएका प्राविधिक तथा मानवीय कमजोरी सुधार्न कार्यालय दृढताका साथ अघि बढ्नेछ।

यस दुःखको घडीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुनः मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

वि.सं. २०८३/१/१९
ने.सं. ११४६ बछलागा पारू, शनिबार

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np